# लोमन्थाङ गाउंपालिकाको खर्च मापदण्ड २०७८

कार्यपालिकावाट स्विकृत मितिः२०७८।०२।०३

**प्रस्तावनाः**

लोमन्थाङ गाउंपालिकाको समग्र आर्थिक कारोवार पारदर्शी, एकरुपता, सरल र व्यवस्थित गर्न आवश्यक दखिएकोले लोमन्थाङ गाउंपालिकाले तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४दफा १०२ वमोजिम यो खर्च मापदण्ड स्विकृत गरि लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१ सक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम लोमन्थाङ गाउंपालिकाको खर्च मापदण्ड कार्यविधि २०७८ रहनेछ।

२ यो कार्यविधि तुरुन्त लागु हुनेछ।

३ विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क कार्यालय भन्नाले लोमन्थाङ गाउंकार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ।

ख शाखा भन्नाले गाउंपालिकाका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ।

ग वडा कार्यालय भन्नाले गाउंपालिकाका ५ वटै वडा कार्यालय सम्झिनुपर्नेछ।

घ अध्यक्ष भन्नाले गाउंपालिकाको अध्यक्ष सम्झिनुपर्नेछ।

ङ उपाध्यक्ष भन्नाले गाउंपालिकाको उपाध्यक्ष सम्झिनुपर्नेछ।

च प्रमुख प्रशासकीय अधिकृत भन्नाले लोमन्थाङ गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झिनुपर्नेछ।

छ वडा समिति भन्नाले लोमन्थाङ गाउंपालिकाको ५ वटै वडा समिति सम्झिनुपर्नेछ।

ज कार्यपालिका भन्नाले लोमन्थाङ गाउंकार्यपालिका सम्झिनुपर्नेछ।

झ सभा भन्नाले लोमन्थाङ गाउंपालिकाको गाउंसभा सम्झिनुपर्नेछ।

ञ प्राविधिक कर्मचारी भन्नाले विकाश निर्माण तथा अनुगमनमा खटिने प्राविधिक कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद २

## खर्च मापदण्ड वर्गिकरण

### ४. आवाशिय तालिम

| क्र स | प्रकार | ब्रेकफाष्ट, खाजा, चिया प्रतिदिन | खाना प्रति छाक | स्टेशनरी प्रति सहभागी | भत्ता प्रतिदिन | आवाश प्रतिदिन प्रतिकोठा | यातायात १ पटक आउदा र १ पटक फर्किदा | विविध प्रति कार्यक्रम वढिमा |
|---|---|---|---|---|---|---|---|---|
| | तालिम सेमिनार कार्यशाला कार्यक्रम | ६५० | ५०० | १५० | ५०० | १००० | पालिकाभित्रका सहभागी र प्रशिक्षक लाइ एकमुष्ठ ५०० अन्यको हकमा विलवमोजिम | ३००० |

### ५. गैरआवाशिय कार्यक्रम

| क्र स | प्रकार | खाजा चिया प्रतिदिन | खाना प्रति छाक | स्टेशनरी प्रति सहभागी | भत्ता प्रतिदिन | | विविध प्रतिकार्यक्रम वढिमा |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम सेमिनार कार्यशाला कार्यक्रम | ३०० | ५०० | १५० | १००० | | ५००० |

### ६. कार्यक्रम सवै

| क्र स | प्रकार | प्रशिक्षक प्रति कक्षा | कार्यपत्र प्रतिवेदन कम्तिमा १००० शव्द | टिपोटकर्ता वढिमा २ जना प्रतिकार्यक्रम | संयोजक भत्ता प्रतिदिन | कार्यक्रम हल भाडा | कैफियत (प्रति कक्षा १ घण्टा ३० मिनेटको हुने) |
|---|---|---|---|---|---|---|---|
| | तालिम सेमिनार कार्यशाला कार्यक्रम | अधिकृतस्तर १६०० सहायकस्तर १२०० वाह्य प्रशिक्षक ५००० | २००० | १००० | १६०० | ५००० | विशेष वा विशेषज्ञ सेवा वा परामर्श सेवामा , उपलव्ध जनशक्तिले नसक्ने वा नभ्याउने भएमा वाह्य प्रशिक्षक राख्न सकिने। |

उपर्युक्त दर रेट गाउँपालिका भित्र को हकमा लागु हुने तर गाउँपालिका वाहिर हुने कार्यक्रममा विल वमोजिम हुने ।
वाह्य प्रशिक्षकको हकमा थप दैनिक भ्रमण भत्ता तथा यातायात वापतको रकम गणना गरि उपलव्ध गराउने ।
प्रति कार्यक्रममा प्रतिदिन वढिमा २ जना सहयोगी कर्मचारीलाई रु ७०० का दरले भत्ता उपलव्ध गराउन सकिने ।

## परिच्छेद २
## विविध

### ७. सवारी साधन तथा इन्धन सुविधा

क. अध्यक्ष उपाध्यक्ष लगायत जनप्रतिनिधिहरुलाइ गण्डकी प्रदेश कानुन वमोजिम हुने।

ख. प्रमुख प्रशासकीय अधिकृतलाइ नियमानुसार सवारी साधन उपलव्ध गराउने तथा इन्धन तथा मर्मत विलवमोजिम उपलव्ध गराउने।

ग. शाखा प्रमुख हरुलाइ मासिक १२ लिटर तथा आवश्यकअनुसार सवारी मर्मत कार्यालयवाट मर्मत आदेश स्विकृत गराई विलवमोजिम को रकम उपलव्ध गराउने।

घ. प्राविधिक तथा फिल्डका कर्मचारीलाइ मासिक १५ लिटर तथा वडासचिव र अन्य कर्मचारीको हकमा प्रति महिना ५ लिटर इन्धन उपलव्ध गराउने।

**८. सञ्चार सुविधा मासिक**

क. जनप्रतिनिधिहरुलाइ गण्डकी प्रदेश कानुन वमोजिम हुने।

ख. प्रमुख प्रशासकिय अधिकृतलाइ विलवमोजिम ,सुचना अधिकारीलाई १५००,अधिकृत स्तरको शाखा प्रमुखलाइ रु १२०० सहायक स्तरका शाखा प्रमुख ,वडासचिव र कम्प्युटर अपरेटर लाइ रु ८००, अन्य कर्मचारीलाइ रु ५०० र कार्यालय सहयोगीलाइ रु २०० उपलव्ध गराउने।

मासिक २१ दिन भन्दा वढि विदा वसेको खण्डमा सो महिनाको सञ्चार सुविधा उपलव्ध हुने छैन ।

**९. अनुगमन तथा मुल्याङ्कन**

क० जनप्रतिनिधिहरुलाइ गण्डकी प्रदेश कानुन वमोजिम हुने।

ख० अनुगमन मुल्याङ्कनको हकमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको वा नियमानुसार अनुगमन तथा मुल्याङ्न गर्ने भनेर तोकिएको कर्मचारी तथा जनप्रतिनिधिलाइ प्रति दिन रु १६००।

**१०. खाजा तथा चिया खर्च**

गाउँकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष कर्मचारी तथा वडाका वडाध्यक्ष तथा कर्मचारी लाई रुजु हाजिरीका आधारमा खाजा तथा चिया वापत प्रतिदिन वढिमा रु १०० वरावरको विलवमोजिमको रकम कार्यालयले व्यवस्था गर्न सक्नेछ तर कार्यक्रम भएको दिनको हकमा सोहि कार्यक्रमवाट व्यवस्था गर्नुपर्नेछ।

**११. फिल्ड भत्ता**

प्राविधिक कर्मचारीलाई निम्नवमोजिम मासिक फिल्ड भत्ता उपलव्ध गराइनेछ।

| क्र स | चौथौँ | पाचौँ | छैठौँ | कैफियत |
|---|---|---|---|---|
| १ | १२००० | १४००० | १६००० | महिनामा वढिमा १५ दिन विदा वसेको कर्मचारीलाई यो सुविधा उपलव्ध नहुने । |

प्राविधिक शाखा प्रमुखले कर्मचारीको कामका आधारमा रेकर्ड व्यवस्थित गरी भत्ता सिफारिस भएका कर्मचारीले मात्र फिल्ड भत्ता पाउनेछन्। तर हिउदँका ४ महिना मंसिर ,पुष, माघ र फाल्गुणमा फिल्ड भत्ता उपलव्ध नहुने।

१२. भ्रमण तथा अनुगमन

भ्रमण सम्वन्धी व्यवस्था भ्रमण नियमावलि वमोजिम हुनेछ ।